## पाँचथर जिल्ला अदालतबाट प्रकाशित

## १५ दिने सूचना

## (मानाचामल विगो नं. १/१४, तहसिल शाखा)

सूचना । सूचना ।। सूचना ।।।

दरखास्तवाला/वादी जिल्ला पाँचथर साविक रानीगाउँ गा.वि.स. वडा नं. १ हाल कुम्मायक गा.पा. वडा नं. ०४ बस्ने संरक्षक समेत नरवदा भण्डारी(सम्वाहाम्फे) प्रतिवादी जिल्ला पाँचथर ऐ.ऐ. बस्ने भक्तबहादुर सम्बाहाम्फेसमेत भएको मु.नं. ०७५-CP-०००८ को मानाचामल भराई दिलाई पाउँ मुद्दामा पाँचथर जिल्ला अदालतको मिति २०७७/०६/११ को फैसला बमोजिम बादीले प्रतिबादीबाट मासिक रु.७,०००।– (सात हजार) का दरले फिराद दायर भएको मिति २०७५/०४/१५ गतेबाट अंश पाएको मिति २०७७/१२/२८ सम्म हुने जम्मा रकम रु.२,२७,०३३।३३ को विगो रकम तपसिल बमोजिमको जग्गाबाट भराई पाऊँ भनी वादीको मिति २०७७/०८/३० तथा मिति २०७८/११/१२ मा दरखास्त परी प्रतिवादीहरुको नाममा १५ दिने सूचना म्याद जारी गरिएकोमा सो म्याद मिति २०७७/०९/१६ मा तामेल भएको निर्दिष्ट मिति भित्र प्रतिवादीले सो रकम दाखिल नगरेको हुँदा बादीले विगो भराई पाँउ भनी देखाएको तपसिल बमोजिमको प्रतिवादी पूर्ण सम्वाहाम्फे भन्ने डेबिड लिम्बुका बुवा तथा आमाका नाममा दर्ता रहेको तपसिल बमोजिमको जग्गा जेथाको पञ्चकिर्ती मूल्य मिति २०७९/०५/०६ मा कायम भईसकेकोले विगोले खामेसम्मको जेथा पञ्चकिर्ती मूल्यका दरले लिलाम हुने हुँदा मिति २०७९/०६/०५ गतेको डाक बढाबढ तारेख तोकिएको छ। यो सूचना तपसिलको जग्गामा-१, कुम्मायक गा.पा. ४ नं. वडा कार्यालयमा-१, मालपोत कार्यालय पाँचथरमा-१ तथा यस अदालतको सूचना पाटीमा समेत टाँस गरिएको छ। डाक बढाबढ गर्न इच्छुक महानुभावले मिति २०७९/०६/०५ गते दिनको १० बजे यस अदालतमा उपस्थित भई डाक बढाबढमा भाग लिनुहोला। पञ्चकिर्ती मूल्य भन्दा बढी जसको डाक बढाबढ हुन्छ उसैले डाक सकार गरिलिन पाउनेछ। आफूले डाक बोलेको रकमको १०% रकम सोही दिन अदालतमा चुक्ता बुझाउनु पर्नेछ र बाँकी रकम ७ दिन भित्र बुझाउनु पर्नेछ। सो समयभित्र बाँकी रकम नबुझाएमा पहिले बुझाएको १०% रकम जफत हुनेछ। मूल्य पूरा हुन नआएमा लिलाम बिक्री हुने छैन। लिलामको दिन अदालत बिदा भए त्यसको भोलि पल्ट डाक हुनेछ। अन्य कुनै जानकारी लिनु परे अदालतको समयमा जानकारी लिन सकिने वेहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ।

<u>तपसिल:</u>

| क्र.सं. | जिल्ला | गा.वि.स. | वडा नं. | सा.कि. नं. | कि.नं. | क्षेत्रफल | दर्तावाला | पञ्चकिर्ती मूल्य प्रतिरोपनी |
|---|---|---|---|---|---|---|---|---|
| १ | पाँचथर | रानीगाउँ | १ट | ६१ | ५२१ | १-२-३-०.५ | भक्तबहादुर लिम्बु | रु.४०,०००।- |
| २ | पाँचथर | रानीगाउँ | १ट | १०६ | ५३७ | १०-१०-०-१ | भक्तबहादुर लिम्बु | रु.४०,०००।- |
| ३ | पाँचथर | रानीगाउँ | १ट | २४३ | ५४१ | १-१५-१-१ | भक्तबहादुर लिम्बु | रु.९०,०००।- |
| ४ | पाँचथर | रानीगाउँ | १ट | २४७ | ५१७ | ३-८-२-३ | भक्तबहादुर लिम्बु | रु.९०,०००।- |
| ५ | पाँचथर | रानीगाउँ | १ट | १६३ | ५५३ | ११-०-०-३ | भगिमाया लिम्बु | रु.४०,०००। |
| ६ | पाँचथर | रानीगाउँ | १ट | २१५ | ५६१ | ५-५-१-१ | भगिमाया लिम्बु | रु.४०,०००। |

इति सम्वत २०७९ साल भदौ महिना १६ गते रोज ५ शुभम्-----------------------------------------